# १२ प्रेम र व्यवस्था अर्थात् दश आज्ञा

***यस अध्यायको निम्ति पढ्नुहोस्:*** रोमी १२, रोमी १३

***स्मरण गर्नुपर्ने पद:*** "यस संसारका ढाँचामा रहन अब छोडिदेउ। तिम्रो सोचबिचारमा पूर्ण रूपमा परिवर्तन् होस्। अनि परमेश्वरले तिमीप्रति के चाहना छ सो जाँचेर थाहा पाउनेछौ। र तिम्रो लागि जे उचित थियो सो परमेश्वरले नै खटाउनुभएको रहेछ भन्ने कुराम तिमी सहमत हुनेछौ। तिमीप्रति परमेश्वरको योजना असल, सन्तोषजनक र सिद्ध छन्।" (रोमी १२:२ रूपान्तरित)।

व्यवस्था अर्थात् दश आज्ञासम्वन्धी गलत धारणहरू छोड भनेर पावलले रोमका येशूभक्तहरूलाई आग्रह गर्दछन्। तर साथै समस्त इसाईहरूलाई उच्च आदर्शमा चल्न आह्वान पनि गर्दछन्। यो आज्ञाकारी तथा अनुशासीत जीवन त्यसबेला आउँछ जब मानिसको भित्री हृदय र मनस्थितिमा आमूल परिर्तन आउँछन्। यो परिवर्तन फेरि मानिसको अथक प्रयास, त्याग, तपस्याबाट होइन तर मानिसले परमेश्वरमा पूर्ण रूपमा अर्पण गरेपछि मात्र हुन्छ। जब मानिसले आफ्नो जीवनलाई परमेश्वरको सामु आत्मसमर्पण गर्दछ तब उसको जीवनमा परमेश्वरको शक्तिले काम गर्न सजह तुल्याउँछ।

परमेश्वरको आज्ञाकारी वा येशूभक्त भएर अनुशासित जीवन बिताउनु भनेको आलस्य जीवन होइन। क्रियाशील नभएर लाचारी जीवन पनि होइन। इसाई हुँ भनेर दावी गर्नेहरूले कुन उच्च आदर्शको जीवन बिताउनुपर्दछ भन्ने कुराको ज्ञान हुनुपर्दछ। चाहे पुरुष होस् वा महिला होस् व्यक्तिमा ती उच्च आदर्शको जीवन यापन गर्न र अनुशासित अर्थात आज्ञाकारी जीवन यापन गर्न चाहना हुनुपर्दछ। त्यो चाहना कुनै अरू मानिसको दवाबमा नभएर स्वइच्छामा हुनुपर्दछ। अनि उसले परमेश्वरको शक्तिलाई समाप्न सक्दछ। परमेश्वरको शक्तिबिना उच्च इसाई आदर्शमा चल्न सम्भव छैन। परमेश्वरको सहयोग बिना उहाँको वचनलाई पालन गरेर चल्नु गहिरो इनारबाट खसेको मानिस आफै उफ्रेर बाहिर निस्कनु जस्तै हो।

त्यसकारण इसाईहरूको निम्ति करुणामय, दयाशील जीवन भनेको कुनै पहाडको खोपामा बसेर ध्यान गर्नु होइन। यो केवल दया, प्रेम र सहानुभूतिको भाषण छाँट्ने जीवन होइन तर समाजमा रहेर क्रियाशील जीवन बिताउनु हो। काम गर्नु पनि इसाई भक्तहरूको प्रमूख धर्म हो। येशूभक्त भयो भन्दैमा परमेश्वरको र अरूको मुख ताकेर मात्र बस्नुपर्छ कुनै काम गर्नु आवश्यक छैन भन्ने पावलको धारणा कहिलै पनि थिएन। विश्वासको सहयात्री काम हो भनेर रोमी १३,१४ र १५मा पावलले देखाउँदछन्। मेहनती हुनु, परिश्रम गर्नु प्रत्येक येशू भक्तको महत्वपूर्ण अभिभारा हो। यसको मतलब यो होइन विश्वासद्वारा धर्मी ठहरिन्छ भन्ने अगाडिको धारणालाई पावलले त्यागे। बरू हामी विश्वासद्वारा कसरी जीवित भएका छौं भनेर देखाउने आधार नै हाम्रो कामबाट हो। कुन् सिद्ध तथा अनुकरणीय उदाहरणबाट उच्च जीवन यापन गर्नुपर्दछ भनेर नयाँ करारका विश्वासीहरूलाई देखाएको थियो। त्यो नमूना येशू ख्रीष्ट नै हुनुहुन्थ्यो। अरू कुनैको होइन उहाँको मात्र अनुसरण हामीले गर्नुपर्दछ। "येशूले जस्तै तिमीहरूले पनि सोच्नुपर्दछ (यसको अर्थ हामी मोसा, दानियल, दाउद, सोलोमन, हनोक, डेवोरा र यलियाहरूले सोचे जस्तो होइन। (फिलिप्पी २:५) सिधा रूपमा भन्ने हो भने येशूको दिमागको प्रत्यारोपण भएको प्रत्येक विश्वासीहरूले गर्नुपर्दछ।

येशूको जस्तै उच्च आदर्श जीवन अरुको छैन न त हुन नै सक्छ।

## १. जीवित बलिको जीवन (रोमी १२:१)

रोमीको पुस्तकमा लेखिएको पावलका अन्तिम अध्यायहरू अति महत्वपूर्ण छन्। किनभने सच्चा येशूभक्त अर्थात विश्वासीको जीवन कस्तो हुनुपर्दछ भनेर यी अध्यायहरूले देखाउँदछन्।

विश्वास भनेको आज्ञाकारी जीवनको सट्टापट्टा होइन। परमेश्वरको आज्ञा मान्ने कर्तव्यको आवश्यकतालाई विश्वासले हटाउँदैन। दश आज्ञाहरूलाई निरन्तर रूपमा पालन गर्नुपर्दछ। दश आज्ञाको अपहारितालाई नयाँ कराररले अझ स्पष्ट पारेको छ। तर यस्तो समय हुन्छ जब परमेश्वरको दश आज्ञा वा आचारसंहितालाई पालन गर्न

मुश्किल हुन्छ। यो किनभने पाप र आफूसँग गर्ने संग्राम जहिले पनि कठिन हुन्छ (१ पत्रुस ४:१)। तर येशूभक्तलाई जीवनको संग्राम जीत्न शक्ति दिन्छु भनेर परमेश्वरले कबूल गर्नुभएको छ। विजयी जीवन सम्भव छ भनेर परमेश्वरले विश्वासीहरूलाई विश्वस्त तुल्याउनुहुन्छ। तर हामी अझै सत्रुहरूले घेरेको भौतिक संसारमा छौं र विभिन्न प्रलोभन, लालसा र परिक्षाहरूसँग चर्को रूपमा संघर्ष गरिरहनुपर्ने हाम्रो वाध्यता हो। तर यसमा हामीलाई यस्तो असल समाचार यो छ, यदि जीवनको संघर्षमा यदाकदा असफल भयौं भने परमेश्वरले हामीलाई त्यागनुहुन्न किनभने स्वर्गमा हाम्रो मूल पुजारीले हाम्रो निम्ति क्रियाशील भएर बस्नुभएको छ (हिब्रू ७:२५)।

इसाईहरू ज्युँदो शहिद भएर कसरी जिउनुपर्छ भनेर रोमी १२:१मा पावलले यसरी लेखेका छन्: “यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्नो शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिंउदो बलिको रूपमा अर्पण गर।" अनि उपरोक्त आह्वानलाई पद २ले यसरी पुष्टि गर्दछः "यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो त्यो तिमीहरूले जाँच्न सक।"

जब बलि भन्ने शव्द पावलले प्रयोग गरे तब उनले पुरानो करारमा प्रचलित भएको बलिप्रथालाई सम्झेका थिए। पुरानो करार अर्थात् येशूको मृत्यु पूर्व यहूदि धर्ममा पशुबलिको प्रथा थियो। येशू हाम्रो निम्ति क्रुसमा बलि हुनुभएकोले पशुबलिको औचित्य समाप्त भएको थियो। तर आफ्नो जिवन परमेश्वरमा अर्पण गर्न येशूभक्तलाई आह्वान गरिएको छ। परमेश्वरको निम्ति जिवित बलिभएर उहाँको सेवा गर्नु प्रत्येक इसाई भनेर दावि गर्नेको धर्म हो।

बलिको निम्ति ल्याइएको प्रत्येक पशु होशियारसाथ जाँचिन्थ्यो। यो बाइबलको समयमा इस्रायलमा चलेको चलन थियो। यदि कुनै पशु सिद्ध थिएन भने त्यसलाई बलि चढाइदैनथ्यो। बलिको निम्ति ल्याइएको पशु सिद्ध र खोतरहित हुनुपर्दछ भन्ने निर्देशन परमेश्वरकै थियो। यहि सन्दर्भमा इसाईहरूलाई पनि उनीहरूको शरीरलाई जिवित बलि, पवित्र र परमेश्वरको ग्रहणयोग्य बनाउन परमेश्वरले आह्वान गर्नुभएको

पाउँछौं। यो अर्पित जिवनको निम्ति तिनीहरूमा भएको सबै शक्तिलाई सक्दो असलरूपमा संचय गरिराख्नुपर्दछ। हामी मध्ये कसैले पनि सिद्ध छौं भनेर दावि गर्न सक्दैनौं। यो यथार्ततालाई हामीले विर्सनुहुन्न। तर परमेश्वरको सहयोगले हाम्रो क्षमताले भ्यायसम्म निष्ठावान, निर्दोष र विश्वासीको जीवन बिताउन प्रयत्न गर्नुपर्दछ।

हाम्रो दोष र पापहरूलाई पोषी राख्न बहाना निकाल्न हामीलाई सजिलो नै भएको पाउँछौं। बारम्वार त्यहि पापमा वा दोषमा फसिरहने के सरल बहाना तपाईंको छ? बहानाहरूलाई पन्छाएर परमेश्वरको प्रतिज्ञाहरूलाई दावी गर्ने समय आएको छैन र? आखिरमा हामीले यो मान्नुपर्दछ कि हाम्रो बहाना भन्दा परमेश्वरको शक्ति महान् छन्।

## २. आफ्नो निम्ति सोच्नु (रोमी १२:३-२१)

परमेश्वरको व्यवस्था अर्थात् दश आज्ञा सदा अटल छन् भनेर यस अध्ययनमा धेरै छलफल गर्‍यौं। परमेश्वरले हामीलाई दिनुभएको आचारसंहिता वा दश आज्ञाहरू निलम्वन गरिएको छैन भनेर बारम्वार रोमीको पुस्तकमा पावलले औंल्याएको हामीले हेर्‍यौं।

तर यस दश आज्ञाको भावनामा केन्द्रित नभएर त्यसका शव्दहरूमा केन्द्रिभूत हुनु अति सजिलो प्रक्रिया हो। त्यस दश आज्ञाको मुख्य भावना प्रेमको बाहुल्यतालाई सर्वोपरी गर्नु भन्ने कुरालाई पनि हामी सजिलैसँग बिर्सनु सक्छौं। परमेश्वरलाई र एक आपसमा हुनुपर्ने प्रेमको तत्वलाई औंल्याउन दश आज्ञा हामीलाई दिइएको थियो भन्ने कुराबाट हामी बिचलित हुनुहुन्न। हो, माया गर्छु भनेर सबैले दावी गर्न सक्छन्। तर दैनिक जीवनमा त्यस माया, प्रेम, शहिष्णुता, स्नेह देखाउन सक्ने क्षमता प्रत्येक मानिसको निम्ति चुनौती भएर खडाभएको कुरालाई कसैले पनि नकार्न सक्दैनन्।

हाम्रो जीवनमा आफूप्रति मात्र होइन अरूप्रति प्रेम कसरी देखाउने भनेर रोमी १२:३-२१मा खुलासा गरिएको छ। कुनै गुफामा मुर्ती जस्तै बसेर कृपा वा अनुकम्पा देखाउने होइन तर समाजमा रहेर नै मानिसमा भिझेर हामीले हामीमा भएको प्रेम कसरी प्रदर्शन गर्नुपर्छ भनेर ती पदहरूले कसरी औंल्याएका छन्। पढ्नुहोस्।

सबैको हितको लागि परमेश्वरको आत्माले हामी प्रत्येकलाई विभिन्न बरदान अर्थात् प्रतिभा वा दक्षता दिनुभएको छ भनेर छलफल गरेको लगत्तै पावलले प्रेमको गरिमामय भावनामा आफ्नो ध्यान केन्द्रित गरेको पाउँछौं। ग्रीक अर्थात् युनानी भाषामा प्रेमलाई आगापे-agape- भनिन्छ। यो प्रेमको उच्च परिभाषा हो। मानिसलाई उच्चस्तर मार्गमा हिँडाउनु प्रेमको खुबी हो। प्रभु येशूको चेला यूहन्नाले १ यूहन्ना ४:८मा भनेका छन्: "परमेश्वर प्रेम हुनुहुन्छ।" सच्चा प्रेमले परमेश्वरको चरित्रलाई व्याख्या गर्दछ। जो मानिस परमेश्वरमा भएको प्रेमले अभिप्रेरित भएर चल्छ त्यसले अरूलाई परमेश्वरले प्रेम गरेको जस्तै प्रेम गर्दछ र आफ्नो व्यवहारमा पनि उहाँको चरित्रलाई झल्काएको हुन्छ। अर्थात् अरूलाई दोषी चस्माले होइन तर परमेश्वरको चस्माले हेर्ने, परमेश्वरको सच्चा प्रेममा रहेको व्यक्तिको खुबी हो।

उपयोगी तरिकाले त्यस प्रेमलाई कसरी देखाउनुपर्दछ र कसरी देखाउनसकिन्छ भनेर पावलले मार्गनिर्देशन दिएको हामी पाउँछौं। प्रेममा रहने व्यक्ति एक प्रमूख गुणले सुसोभित हुनुपर्दछ भनेर उनले भन्दछन्। त्यो गुण हो: व्यक्तिगत नम्रता अर्थात् अहँले नफूल्नु। "आफ्नो भाउ खोज्न अरू भन्दा आफू ठूलो छु भनेर नसोच्नु" (रोमी १२:३ रूपान्तरित) प्रेमको अर्थ हो। प्रेममा रहनु भनेको अर्थ यो पनि हो: "गहिरो रूपमा एक आपसमा प्रेम गर्नु। आफूलाई भन्दा अरूलाई बढि सम्मान गर्नु" (पद १० रूपान्तरित)। र "अरू भन्दा तिमी असल वा सक्षम् छौ" भनेर नसोच्नु पनि प्रेमको परिभाषा हो। यस्तो प्रेमको परिवेशमा रहेको मानिसले अरूलाई दवाएर वा अरूको मोलमा आफू माथि आउन कहिलै पनि कोशिष गर्दैन। प्रभु येशूले आफ्नो बारेमा भन्नुभएका यी शव्दहरूलाई हाम्रो भित्री मनमा कुँदिएर राख्नु अत्यन्त जरुरी छ: "मेरा सेवकहरू होओ र मबाट सिक। म नम्र र भलादमी छु। म अहँको भावनाले स्वतन्त्र छु।" (मत्ती ११:२९ रूपान्तरित)।

प्रिय इसाई दिदीबहिनी तथा दाजुभाईहरू, याद गर्नुहोस् संसारका सबै मानिसहरूमा तपाईंहरू अत्यन्त नम्र र सदाशयी हुनुपर्दछ। हामीलाई थाहा छ हाम्रो अथक प्रयासमा मोक्ष पाउन सकिदैन्। हामी सबै जना पापी छौं। हामी एक आपसमा भर पर्दछौं। हामी पारस्परिक निर्भता (interdependent)को निम्ति सृजिएका हौं। असल वा धर्मी हुन

हामी आफैमा होइन तर बाहिरको शक्तिमा भरपर्नुपर्दछ। हाम्रो जीवनमा परिवर्तन ल्याउन, मनोक्रान्ती ल्याउन, आत्मिक क्रान्ती ल्याउन क्रियाशील भएको वाहिरिय शक्तिको हामीलाई खाँचो छ। के कुरामा हामी फुल्ने? अरूको अगाडि र सारा जगतका सृष्टिकर्ताको अगाडि हामी के कुरामा घमण्ड गर्नसक्छौं र? विश्वविख्यात चिन्तक र वैज्ञानिक आइजाक न्युटनले एक फेरा भनेका थिए: “जब सम्म मानिसले एउटा साधारण घाँसको प्रतिलिपि बनाउन सक्दैन तबसम्म प्रकृतिले मानिसको सम्पूर्ण उपलव्धिहरूलाई हाँसेरमात्र हेरिरहन्छ।" यस अध्यायमा पावलले दिएको सरसल्लाह अनुसार हामी जीउनुपर्दछ। परमेश्वरप्रति र अरूप्रति नम्रताले सुसोभित भएर हाम्रो जीवन निर्वाह गर्नुपर्दछ।

रोमी १२:१८मा उल्लेख गरिएको छः “हुनसक्छ भने, सकेसम्म सबैसँग शान्तिमा बस।" वर्तमान जीवनमा पावलको यो सुझावलाई तपाईंले कसरी आत्मसात् गरिरहनुभएको छ? के बाइबलसम्मत चल्न तपाईको मनस्थितिमा केहि परिवर्तनहरू आउनु आवश्यक छ?

## ३. अगुवाहरूसँग सहभागी भएर काम गर्नु (रोमी १३:१-७)

सरकार र आधिकारिक व्यक्तिहरूसँग कसरी मिलेर काम गर्नुपर्छ भनेर रोमी १३:१-७मा पावलले औंल्याउँछन्?

इतिहासको कुन् काललाई मनमा राखेर पावलले ती भावनाहरू व्यक्त गरेका थिए भन्ने विषय अत्यन्त रोचकपूर्ण छ। त्यसबेला रोमका मुर्तीपुजक शासकले सारा विश्वलाई आफ्नो मुठ्ठीमा राखेर शासन गरेका थिए। रोम अत्यन्त निष्ठुर र भ्रष्ट साम्राज्य थियो। जीवित परमेश्वरप्रति तिनीहरूको चासो थिएन र साथै उहाँको बारेमा अनभिज्ञ थिए। केहि वर्षपछि नै त्यहि रोमको साम्राज्यले इसाईहरू बिरुद्ध भयङ्कर युद्ध छेडेको थियो। युरोपको त्यस रोमको शासक तथा जनताहरूले इसाईहरूलाई आतङ्कित पारेर त्राही त्राही बनाएका थिए। किनभने रोमका सम्राट र जनताहरूले अनेकौं मुर्ती तथा प्रकृतिका वस्तुहरूलाई भगवान मानेर पूजा गर्दथे तर इसाईहरू सृष्टिकर्ता सत परमेश्वरको मात्र उपासना गर्दथे। अचम्मको कुरो त यो छ, त्यहि रोमको सरकारले पावललाई वन्धक बनाएर उनको शीर छेदन गरेका थिए ! के यस्ता

आततायी सरकारको मुनी रहेर पनि इसाईहरूलाई असल नागरिक हुनुपर्दछ भन्ने कुरालाई पावलले प्रोत्साहन दिइरहेका हुन् त?

यसमा हामीले होइन भन्न मिल्दैन। किनभने बाइबल भरि नै मानिसहरूको निम्ति प्रसासक वा सरकार खटिएको कुरालाई समावेश गरिएको छ। प्रसासक अर्थात् सरकारको अवधारणालाई परमेश्वरले नै आशिष दिनुभएको छ। मानिसहरू समाजमा विधिको शासनमा रहनुपर्दछ। एक आपसको हितको निम्ति नियम कानुनमा उनीहरू रहनुपर्दछ। कुनै पनि देश प्रसासन वा शासक अर्थात् सरकारबिनाको देश हुनुपर्छ भन्नेकुरामा बाइबल सहमत छैन।

तर यसको अर्थ यो पनि होइन, सबै खालका सरकारलाई परमेश्वरले अनुमोदन गर्नुहुन्छ वा तिनीहरूले चलाएका प्रसाशकिय काम कार्वाहीप्रति परमेश्वर संतुष्ट हुनुभएको छ। निरंकुस शासकहरूले विश्वको इतिहासका पानाहरूमा अनजान जनताहरूका रगतले पोतिएको पाउँछौं। यस्तो प्रतिकूल परिस्थितिमा पनि येशूभक्तहरूले सकेसम्म आफ्नो देशका नियमकानूनहरूको पालना गर्नुपर्दछ। परमेश्वरको इच्छा विपरित नभए इसाईहरूले आफ्नो देशका सरकारहरूप्रति बफादारी देखाउनुपर्दछ र सघाउनुपर्दछ। कुनै पनि सरकारको विरूद्धमा जानु छ भने येशूभक्तहरू प्रार्थनापूर्वक र होशियारपूर्क लाग्नुपर्दछ। परमेश्वरका सबै विश्वासी जनहरू कुनै दिन ती शासकहरूको अगाडि निडर भएर उभिनुपर्नेछ, जो परमेश्वरको व्यवस्था वा दश आज्ञाको खिलाफमा गएर यस संसारलाई नियन्त्रण गर्नेछन् (प्रकाश १३)। त्यो समय नआउञ्जेल हामी जुनसुकै देशमा भएपनि हामी देशभक्त हौं भनेर देखाउनुपर्दछ। त्यो देशको असल नागरिक हुनुपर्दछ।

“सरकार र देशका अगूवाहरूलाई परमेश्वरले आशिष दिनुभएको छ। हाम्रा नेताहरू र तिनीहरूका आधिपत्यको सम्मान गर्नु हाम्रो धर्म हो। तर जब हाम्रा नेताहरूको आदर गर्ने क्रममा परमेश्वरको व्यवस्थाको उल्लंघन हुन्छ भने मानिसको भन्दा परमेश्वरको आज्ञा पालन गर्नुपर्दछ। कुनै पनि मानविय सरकारभन्दा परमेश्वरको वचनलाई हाम्रो जीवनमा स्रवोच्चता कायम गर्नुपर्दछ।,,,,

शासकिय शक्तिको खिलाफमा विद्रोह गर्न हाम्रो जरुरत छैन। हाम्रो सरकारलाई के भन्नुपर्छ र त्यसको बारेमा के लेख्नुपर्छ त्यसप्रति

होशियार हुनुपर्दछ। देशको विधिको शासन र नियमको खिलाफमा हामी हिँडेका छौं भन्ने सन्देश हामीले दिनुहुँदैन। परमेश्वरको निम्ति हामीले गर्नुपर्ने कामलाई जोखिममा पारेर सरकारको विरोधमा केहि भन्नुहुँदैन न त केहि गर्नु नै हुन्छ।"- एलेन जी ह्वाईट, *द आक्टस् अभ आपोस्टल्स*, पृ. ६९बाट रूपान्तरित।

## ४. अरूप्रति हामीले गर्नुपर्ने व्यवहार (रोमी १३:८)

रोमी १३:८मा उल्लेख गरिएको छः "आपसमा प्रेम गर्नुबाहेक कसैको केहि कुरामा ऋणी नहोओ, किनकी आफ्नो छिमेकीलाई प्रेम गर्नेले व्यवस्था पूरा गरेको हुन्छ।" यस कथनलाई हामीले कसरी बुझ्ने? यसको अर्थ के यदि हामीले प्रेम गऱ्यौं भने परमेश्वरको व्यवस्था वा दश आज्ञालाई पालन गर्नुपर्दैन?

जसरी येशूले डाँडामा उपदेश दिनुभएझैं, परमेश्वरको व्यवस्थालाई मानिसहरूले सरल तरिकाले बुझुन भनेर पावलले प्रयत्न गरिरहेको हामी पाउँछौं। हामीले जे गर्छौं त्यो प्रेमकै मूख्य कारणले गर्दछौं भनेर उनले देखाएका छन्। सच्चा प्रेमले परमेश्वरको चरित्रलाई प्रतिविम्व गर्दछ र परमेश्वर प्रेम हुनुहुन्छ। यस परिप्रेक्ष्यमा प्रेम गर्दा दश आज्ञालाई पूरा गरेको देखाइन्छ। परमेश्वरको आज्ञा वा व्यवस्था मजबूत भएर खडा भइ नै रहन्छ किनकि यसले हामीलाई पाप के हो भनेर औंल्याउँछ। पाप भनेको मनगढन्ते हो भनेर कसले भन्छ र? तर प्रेमकै आधारमा परमेश्वरको व्यवस्थालाई सच्चारूपमा पालन गर्न सकिन्छ। आज्ञा पालन गर्ने निहुँमा प्रेम नगर्नेलाई हामीले के भन्ने? तपाईंलाई थाहा छ, कतिपय मानिसहरूले येशूलाई क्रुसमा टाँगेपछि सुर्यास्त हुनुभन्दा दश आज्ञाको नियमबमोजिम सब्बथलाई पालन गर्न अघि हतपत घरमा गएका थिए?

प्रेमको सुत्रलाई पालन गर्दा आज्ञा पालन गरेको ठहरिन्छ भनेर देखाउन पावलले कुनचाहिँ आज्ञाहरू रोमी १३:९,१०मा उदाहरणको लागि प्रस्तुत गरेको पाउँछौं? यी हाम्रो लागि किन महत्वपूर्ण छन्?

मानव जीवनमा हुनुपर्ने प्रेम कुनै नयाँ गुण थिएन। पावलले लैव्य व्यवस्था १९:१८ लाई यहाँ उद्‌धत गरेका थिएः "तिम्रो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर।" पुरानो करारको जीवनप्रणालीमा प्रेम एक

प्रमूख आदर्श गुण थियो भनेर पावलले औंल्याएको पाउँछौं। फेरि सुसमाचार प्रचारलाई समर्थन गर्न पावलले पुरानो करारलाई प्रयोग गरेको पाउँछौं। पावलले उदृधत गरेका आज्ञाहरूमात्र पालन गर्नुपर्छ भनेर कतिपयले तर्कवितर्क गर्दछन्। यदि यो सत्य हो भने, के इसाईहरूले आफ्ना आमाबाबुको अनादर गर्ने, मिथ्या देविदेवताहरू अर्थात् मुर्तीलाई पूजा गर्ने, परमेश्वरबाहेक अरू पनि भगवान वा ईश्वरहरू छन् भनेर मान्ने? पावलको भनाईलाई उदृध गरेर परमेश्वरको दश आज्ञालाई निलम्वन भयो भनेर प्रचार गरिनु पावलकै मनस्थिति बिरुद्धमा नभएर परमेश्वरकै अपमान गर्नु हो। यस्तो भ्रमात्मक धारणाहरूबाट हामी सतर्क हुनुपर्दछ।

पावलले यहाँ के प्रमूख सन्देश दिन खोजिरहेको छन् सो गहिरिएर पढ्नुहोस्। हामीले एक आपसमा कसरी व्यवहार गर्नुपर्छ भनेर पावलले छलफल गरिरहेका थिए। व्यक्तिगत सम्वन्धको बारेमा उनले चर्चा गरिरहेका थिए। त्यसैकारण जुन आज्ञाहरू उनले उदृधत गरे ती सम्वन्ध सुधार्ने आज्ञाहरूमा केन्द्रित भएका थिए। बाँकी आज्ञाहरू हामीले मान्नुपर्दैन भनेर प्रमाणित गर्न उनको तर्कलाई प्रयोग गर्न मनासिव छैन। (यहि सन्दर्भमा प्रेरित १५:२०, १ थेस्सोलोनी १:९, १ यूहन्ना ५:२१ पढ्नुहोस्)। अरूलाई प्रेम गर्दा परमेश्वरलाई प्रेम गरेको ठहर्छ भनेर नयाँ करारका अरू लेखकहरूले औंल्याएको पाउँछौं। हेर्नुहोस्: मत्ती २५:४०, १ यूहन्ना ४:२०, २१, याकूब ४।

परमेश्वरसँग तपाईंको सम्वन्धबारे सोच्नुहोस्। परमेश्वरसँगको सम्वन्धले अरूसँगको सम्वन्धमा कसरी असर पार्दछ? ती दुबैसँगको सम्वन्धमा प्रेमको भूमिका किन महत्वपूर्ण छ? परमेश्वरले हामीलाई प्रेम गरेझैं अरूलाई पनि हामीले कसरी प्रेम गर्नुपर्दछ? यो आदर्शमा हिंडन् तपाईंलाई कसले रोकी राखेको छ?

## ५. हामीले विश्वास गरेको भन्दा पनि नजिक (रोमी १३:११)

रोममा भएका विश्वासीहरूलाई यो रोमीको पत्र लेख्नुमा अति विशेष कारण थियो। येशूको मृत्यु भएपछि परमेश्वर र मानिसको बिचमा नयाँ करार अर्थात् सम्झौता भएको थियो। नयाँ करारमा विश्वास र कामको बिचमा भएको एकरूपतालाई स्पष्ट पार्न रोममा

भएको चर्चलाई पावलले पत्र लेखेका थिए। मुक्ति र पापी मानिस परमेश्वरको सामु कसरी धर्मी र पवित्र ठहरिन्छ भन्ने विषयवस्तुलाई पावलले प्रमूख ध्यान दिएका थिए। जो मानिस परमेश्वरको व्यवस्थालाई विधिपूर्वक पालन गर्दथे तिनीहरूले व्यवस्थालाई उचित दायरामा राखेका थिए। पुरानो करारमा पनि यहूदी धर्म अनुग्रहको धर्म थियो। तर संस्कार तथा विधिविधान मान्ने क्रममा अनुग्रहलाई ओझेलोमा पारिएको थियो। यसले गर्दा धेरै समस्याहरू खडाभएका थिए। सेभेन्थ-डे एडभेन्टिस्ट चर्चका हामी सम्पूर्ण विश्वासीहरूले पनि त्यहि भूल नदोऱ्याउन धेरै सतर्क हुनुपर्दछ।

कुन् घटनालाई रोमी १३:११-१४मा पावलले वर्णन गरिरहेका छन्? यस घटनालाई पर्खिने क्रममा हाम्रो जीवनशैली कस्तो हुनुपर्दछ?

यहाँ पावलले विश्वासीहरूलाई जुन कुराको जानकारी दिइरहेकाछन् त्यो अत्यन्त रोचकपूर्ण छ। जागा रहो र तयार होओ किनभने येशू फर्केर आउँदै हुनुहुन्छ भनेर पावलले विश्वासीहरूलाई आह्वान गरिरहेका थिए। यो लेखेको करिब दुई हजार वर्ष भयो। तर येशूको आगमन नजिकै छ भनेर हामी हरदम अपेक्षा गरिनै रहनुपर्दछ। अर्को हप्तामा होस् वा चालिस वर्षमा होस् वा मृत्युमा आँखा चिम्लेका हौं। चाहे हामी केहि मृत्युको शैयामा हौ वा ४०० वर्ष। हामी मरेपछि समयसँग सरोकार हुँदैन। जब हामी मृत्युको निन्द्राबाट ब्युँझिन्छौं तब हामीलाई थाहा हुन्छ कि येशू आउँदै हुनुहुन्छ। मृत्युले जतातते राज्य गरेको यस संसारमा र मृत्युलाई कसैलाई पनि नपर्खने अवस्थामा हाम्रो समय छोटो छ भनेर सतर्क भएर बस्नु धेरै महत्वपूर्ण कुरो हो। हामीले पहिले विश्वास गरेको भन्दा चाडो हाम्रो उद्धारकर्ता येशू आउँदै हुनुहुन्छ।

हो, पावलले रोमीको पुस्तकमा दोश्रो आगमनको बारेमा विस्तृत रूपमा प्रस्तूत गरेको पाउँदैनौं। तर थेस्सोलोनी र कोरिन्थीका पत्रहरूमा येशूको आगमनको बारेमा चरणवद्ध रूपमा प्रस्तुत गरेको पाउँछौं। बाइबलमा, विशेष गरि नयाँ करारमा येशूको दोश्रो आगमनको विषय अति महत्वपूर्ण विषयवस्तु हो। येशूको आगमन बिना र जुन आशा यसले प्रदान गर्छ त्यस आशा बिना हाम्रो विश्वासको कुनै अर्थ हुँदैन।

यदि येशू ख्रीष्टको दोश्रो आगमन भएन भने "विश्वासद्वारा धर्मी ठहरिनु"को अर्थ के छ त?

येशू ख्रीष्ट अर्को महिना फर्केर आउनुहुन्छ भनेर तपाईं यकिन हुनुहुन्छ भने तपाईंको जीवनमा के परिवर्तन ल्याउनुहुन्छ? किन? येशू आउने एक महिना अघि तपाईंको जीवनमा केहि परिवर्तन ल्याउनुछ भने अहिले नै किन नगर्ने? येशूको आगमनको समयले गर्दा तपाईंको मनस्थितिलाई कसरी असर गर्दछ?

**उपसँहारः**

थप जानकारीः एलेन जी ह्वाईटद्वारा लिखित देखायका सामग्रीहरू पढ्नुहोस्ः *सेलेक्टेड मेसेजेज,* बुक १को पृष्ठ ६६-६९मा उल्लेखित "आन इक्सप्लानेशन अभ अर्ली स्टेटमेन्टस्", *टेस्टिमोनिज फर द चर्च,* ठेली ५को पृ. ५४०,५४१को लेख,"प्राक्टिकल गडलिनेस", *टेस्टिमोनिज फर द चर्च,* ठेली ६को पृ. ३९४, ३९५को "आवर आट्टिच्युड टुवार्ड द सिभिल अथोरिटिज", *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. ३५२, ३५३को "द टेस्टिमोनिज एण्ड इटस सर्भिसेज", *थतस फ्रम द माउन्ट अभ ब्लेशिङ्ग,* पृ. ४९-५१को "द स्पिरिच्युआलिटि अभ द ल।"

"परमेश्वरको इच्छा वा योजनालाई बाइबलले देखाएको छ। बाइबलमा लेखिएका सत्यहरू परमेश्वरका वचनहरू हुन्। जो मानिसले ती सत्यहरूलाई आफ्नो जीवनको भाग बनाउँछन् तिनीहरु नयाँ व्यक्ति हुन्छन्। उनलाई अव नयाँ बौद्धिक शक्ति दिइएको हुन्छ। पाप र अज्ञानताले गर्दा उसको समझमा अन्धकारले छाएको थियो। अब त्यो हटेको हुन्छ। "नयाँ हृदय म तिमीलाई दिन्छु"को अर्थ "नयाँ दिमाग म दिन्छु" भनिएको हो। जब मानिसको हृदय परिवर्तन हुन्छ तब उनी इसाई कर्तव्यमा दृद भएर उभिन्छ। सत्यलाई बुझ्ने क्षमता उनीहरुलाई दिएको हुन्छ। जसले बाइबललाई प्रार्थनापूर्वक नियमित रूपमा अध्ययन गर्दछ, त्यसको समझशक्ति स्पष्ट हुन्छ र उसको बिवेकले उचितरूपमा काम गर्न थाल्छ। जब मानिस परमेश्वरतिर फर्कन्छ त्यो जीवनको उच्च लक्ष्यमा पुगेको सरह हुन्छ। उसका बिचारहरू उच्च हुन्छन्।"- एलेन जी ह्वाईट, *माई लाइफ टुडे,* पृ. २४बाट रूपान्तरित।

<u>रोमीहरुलाई लेखिएको पुस्तकमा येशूले दिने</u> *मुक्ति*

"हाम्रो स्वामी छिट्टै आउँदैहुनुहुन्छ। उहाँको आगमनको निम्ति तयार हुनुपर्दछ। उहाँको प्रत्यक्ष्य आगमनको प्रतिक्षामा रहिरहनुपर्दछ। उहाँले उद्धार गरिएकाहरूलाई स्वागत गर्ने अवसरमा र उहाँलाई हेर्न पाउँदा कस्तो सौभाग्यको समय होला ! धेरै भयो हामीले उहाँलाई पर्खेको ! तर हाम्रो आशालाई कमजोर बनाउन दिनुहुन्न। यदि हाम्रा राजालाई उहाँको महिमा तथा सुन्दरतामा हेर्न पायौं भने हामी सदाको निम्ति आशिषित हुनेछौं। ठूलो स्वरले म चिच्याउँ जस्तो लाग्छः 'हामी घर फर्कन्दैछौं !' तेजस्वी येशूको महिमित रूपमा आगमनको समय नजिक भएको छ। जब उहाँ महान् गौरबमा आउनुहुनेछ तब उहाँले आफ्नो रगतद्वारा उद्धार गरिएकाहरूलाई अनन्तको घरमा लैजानु हुनेछ।"-एलेन जी ह्वाईट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ८, पृ. २५३बाट रूपान्तरित।

**चिन्तनमनन:**

१. पाँचौं बुँदामा उल्लेखित प्रश्नमा चर्चापरिचर्चा गर्नुहोस्। यसमा अरू मानिसहरूको धारणा के छ?

२. हामी असल नागरिक हुनुपर्दछ र असल इसाई हुनुपर्दछ भन्ने कुरामा कतिपय कठिनाइ उत्पन्न भएको हामी पाउँछौं। कसैले तपाईँसँग परमेश्वरको इच्छामा अडिग हुनु भनेको के हो भनेर तपाईँलाई सोध्यो भने तपाईँले के जवाफ दिनुहुन्छ? र त्यस अडिगले गर्दा सरकारसँग भिंड्नुपर्‍यो भने के गर्ने? यसबारे तपाईँले के भन्नुहुन्छ? तपाईँले उसलाई के सरसल्लाह दिनुहुन्छ? कुन सिद्धान्तहरूलाई तपाईँले पछ्याउनुपर्दछ? यो कुरा किन अति संवेदनशील छ? तपाईँ हामीलाई थाहा छ सिहँको मुखमा फैंकिएका मानिसहरू सधैं बिना चोटपटक निस्किएको छैन।

३. कुन कुरा गर्न मुश्किल छः परमेश्वरको आज्ञालाई अक्षरस पछ्याउनु वा कुनै सर्त र सिमाबिना परमेश्वर र अरूलाई प्रेम गर्नु? अर्थात के तपाईँले यी तर्कहरू तुलना गर्न नसकिने तर्क हुन् भनेर सोच्नुहुन्छ त? यदि छ भने किन?